# पर्वत जिल्लाका प्रमुख धार्मिक एवम् पर्यटकीय स्थलहरु



जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

आ.व. २०८१/०८२

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## पर्यटन तथा उद्योग कार्यालय

## पर्वत

# बाँसखर्क

पर्यटकीय गन्तव्यको नाम : बाँसखर्क
वडा नं.: १
स्थानीय तह : जलजला गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : ११००-१५०० मिटर



**पहुँच :**

- पोखरा देखि कुश्मा बेनी हुदै ५० किलोमिटर उत्तरतर्फ बाँसखर्क रहेको छ । बेनी देखि बगरफाँट हुदै पाँच किलोमिटर कच्चि सडक, बेनी देखि मल्लाज हुदै करिब ८ किलोमिटर पक्कि र कच्चि सडकको यात्रा गरेपछि बाँसखर्क पुगिन्छ ।



**विशेषताहरू/आकर्षण:**

- बाँसखर्क अन्नपूर्ण-धौलागिरी सामुदायिक पर्यावरणीय पदमार्गको प्रवेशबिन्दुमा पर्छ ।
- बाँसखर्कको पृष्ठभूमिमा धौलागिरि हिमालको अवलोकन गर्न सकिन्छ ।
- बाँसखर्कमा सुन्तलाको ठूलो बगान छ । पुष, माघ महिनामा बगैचामा लटरम्म फलेका सुन्तलाको बगैचा मनमोहक र आकर्षक देखिन्छ ।
- रसिला र स्वादिलो सुन्तला खाँदै बगैचा घुमेर आनन्द लिन सकिन्छ । बाँसखर्क हुदै मलगाउँ र लेकफाँट जाने बाटोमा पर्ने बराह तालको धार्मिक महत्व पनि छ । मगर, क्षेत्री, ब्रह्माण र दलित जातीको मौलिक कला र संस्कृति बाँसखर्कको थप आकर्षण हो ।



**सुविधा :**

- बाँसखर्कमा रेष्टुरेन्ट र घरवास सुविधा छ । यहाँ सामुदायिक लज पनि छ ।



# मल्लाज कोटघर र दरवार

पर्यटकीय गन्तव्यको नाम : मल्लाज कोतघर र दरबार
वडा नं.: ३
स्थानीय तह : जलजला गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : २००० मिटर



**पहुँच :**

– बेनी बजारदेखि तीन किलोमिटर कच्चि सडकमा सवारी साधनमा १५ मिनेट यात्रा गरेपछि पुगिने । बेनी देखि ४५ मिनेट पैदलयात्रा गर्नुपर्ने ।



**विशेषताहरु/आकर्षण:**

– मल्लाजको कोतघर करिब ५०० वर्ष पुरानो कोत मन्दिर बाइसेचौबिसे राज्यका पालामा तत्कालीन मल्लाज राज्यका राजाले पूजाआजाका लागि निर्माण गरेका थिए ।
– हरेक वर्षको रामनवमी र बडा दशैंको समयमा पूजाआजा हुने उक्त कोत मन्दिरको दर्शन तथा पूजाआजा गरेमा मनोकाक्षा पूरा हुने जनविश्वास रहेको छ ।
– मल्लाजमा रहेको दरवार डेढ सय वर्ष पुरानो हो । हाल रिसोर्ट सञ्चालन भएको यो दरवार मौलिक र परम्परागत शैलीको हो । मल्लाजको पृष्ठभूमिमा धौलागिरि हिमाल, भुरतुलाको डिलबाट बेनी बजारको दृष्य अवलोकन गर्न सकिन्छ ।

**सुविधा :**

– मल्लाजदरवारमादहेरिटेज रिसोर्ट, बेनी बजारमा होटलहरु र मल्लाजमा खाजा तथा खाना खान पाइने रेष्टुरेन्टहरु रहेको छ ।



# हम्पालको धुरी /कालञ्जर पर्वत

पर्यटकीय गन्तव्यको नाम : हम्पालको धुरी /कालञ्जर पर्वत



वडा नं.: ६

स्थानीय तह : जलजला गाउँपालिका

जिल्ला : पर्वत

प्रदेश : गण्डकी

भू-भाग : पहाडी

उचाई (समुद्री सतहदेखि) : ३०००-३५०० मिटर

**पहुँच :**


- मिलनचोक, पर्वतबेनी, लेकफाँट र बनौतर्फबाट हम्पालसम्म पुग्ने कच्ची सडक छ । कुश्मा देखि हम्पाल पुग्न सवारी साधनमा करिब चार घण्टा लाग्छ ।

**विशेषताहरू/आकर्षण:**

- हिन्दू धर्मग्रन्थमा पवित्र तपोभूमिका रूपमा व्याख्या गरिएको 'कालञ्जर पर्वत' हम्पालको नामले पनि चिन्ने गरिएको छ ।
- हिन्दू धर्मावलम्बीको धार्मिक ग्रन्थ रामायणमा कालञ्जर पर्वतका रूपमा व्याख्या गरिएको हम्पाल क्षेत्रको धेरै भूभाग जलजला गाउँपालिकाको लेकफाँट र शालिजामा फैलिएको छ ।
- पर्वतको सबैभन्दा उच्च स्थानमा रहेको यस ठाउँबाट धवलागिरि, अन्नपूर्ण, नीलगिरि, गुर्जा, पुथा, माछापुच्छ्रे, मनास्लुलगायत १६ भन्दा बढी हिमाल देख्न सकिन्छ ।
- त्यति मात्र नभएर पर्वत बागलुङ, म्याग्दी, कास्की, स्याङ्जा, गुल्मी, पाल्पा, गोरखा, तनहुँ र लमजुङसहित १० जिल्लाको अवलोकन गर्न सकिन्छ । यहाँ समथर फाँट रहेको छ ।
- यस क्षेत्रमा नीरमसी, पाँचऔंलो सतुवालगायत बहुमूल्य जडीबुटीका साथै कालो मृग, घोरल, चितुवा, भालु, डाँफे, मुनाल, कालिजलगायत पशुपक्षी पाइन्छ । लालीगुराँसको जङ्गल रहेको हम्पालमा ठूलो मैदान छ ।

**सुविधा :**

- हम्पालमा सञ्चालन भएको टि-सपमा खान बस्नको सामान्य सुविधा छ ।



# धाइरिङ भूमे ठाकुर



पर्यटकीय गन्तव्यको नाम : धाइरिङ भूमे ठाकुर
वडा नं.: ७
स्थानीय तह : जलजला गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : १८०० मिटर

**पहुँच** :

- मिलनचोक देखि सल्लानसम्म ४ किलोमिटर पक्की र सल्यान देखि थप ५ किलोमिटर कच्चि सडकमा यात्रा गरेपछि धाइरिङको भूमे थानमा पुगिन्छ ।




**विशेषताहरू/आकर्षण**:

- साढे चार सय वर्ष पहिले ढोलथाने राजासँगै जुम्लाबाट आएका आचार्य थरका ब्रह्माणका पुर्खाले जुम्लाबाटै ल्याएको थान यहाँ स्थापना गरेका थिए ।
- साउन, पुष र स्वस्थानी ब्रतको समय बाहेक मंगलबार र शनिबारका दिन पूजा हुने धाइरिङको भूमे थानमा दर्शन र पूजाआजा गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास छ ।
- मनोकाक्षा पूरा भएपछि यहाँ बोकाको बली चढाउने चलन छ । यहाँ बली चढाएका बोकाको मासु घरमा लैजान नहुने र त्यही पकाएर खाई सक्नुपर्ने चलन छ ।
- धाइरिङ गाउँको शिरमा रहेको भुमेथानबाट पर्वत, म्याग्दी र बागलुङका बस्तिहरुको अवलोकन गर्न सकिन्छ ।
- धाइरिङ भूमे ठाकुरको नजिकै बराह मन्दिर, गण्डकी गोपाल गौशाला, घुरुञ्जा, लिङ्गो गाडे, डडुवा छन् ।



**सुविधा** :

- भुमे थान नजिकै धर्मशाला छ ।

# फलामेडाँडा

पर्यटकीय गन्तब्यको नाम : फलामेडाँडा
वडा नं.: ५
स्थानीय तह : जलजला गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : २३०० मिटर



**पहुँच :**

- बेनी देखि दुई घण्टा ३० मिनेट पैदलयात्रा र एक घण्टा २० मिनेट जिप र मोटरसाइकलको यात्रा पछि फलामेडाडा पुगिन्छ ।



**विशेषताहरू/आकर्षण:**

- पहाडको टुप्पोमा अवस्थित फलामेडाडाको पृष्ठभूमिमा धौलागिरि, निलगिरि र अन्नपूर्ण हिमशृङखलाको अवलोकन गर्न सकिन्छ । कालीगण्डकीको तिर देखि म्याग्दी, पर्वत र बागलुङका बस्तीका साथै सुर्योदय र सुर्यास्तको मनमोहन दृष्य देखिन्छ ।
- मगर समुदायको मौलिक कला र संस्कृति, स्थानीय खानाका परिकार, न्यानो आतिथ्यता र ग्रामिण जिवनशैली पनि फलामेडाडाको थप आकर्षण हुन् ।
- धौलागिरी आमा समूहले पाहुनाहरुलाई मौलिक गित र नृत्यबाट स्वागत गर्छन् । पञ्चेबाजामा नाचगान गर्न पाइन्छ ।




**सुविधा :**

- फलामेडाडामा एक दिनमा २० जना बास बस्न सक्ने क्षमताको पाहुनाघर छ । स्थानीय कुखुरा, खसीको मासु, साग, मुला, कोदो, फापरका परिकारको स्वाद लिन पाइन्छ ।



# सहश्रधारा दिव्य धाम



पर्यटकीय गन्तव्यको नाम : सहश्रधारा दिव्य धाम
वडा नं.: १, पाङ
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी

**पहुँच :**

- पर्वत-बागलुङको राजमार्ग छेउँमा नै अवस्थित भएकोले पर्वतको कुश्मा र बागलुङ बजारदेखि सवारी साधनबाट सजिलै १५ देखि २० मिनेटमा सहश्रधारा पुग्न सकिन्छ । अनि त्यहाँबाट १ मिनेटको सिँढी पैदल उक्लेपछि सहश्रधारा दिब्यधाम पुग्न सकिन्छ ।



**विशेषताहरू/आकर्षण:**

- बाह्रै महिना पहाडबाट खस्ने झरना हेर्न र नजिकै रहेको लक्ष्मी नारायणको मन्दिरमा पूजा गर्न केही पर्यटकहरू आउने गरेका छन् । तर यसको प्रचार नहुँदा पर्यटकीय सम्भावना भएर पनि ओझेलमै परेको छ । कालन्जर पहाडमा शिवजी बस्ने, पार्वती गुप्तेश्वर गुफामा तपस्या बस्ने र सहस्र्धारामा स्नानका लागि जाने गरेको किमबन्दती रहँदै आएको छ । यसलाई शिव र पार्वतीको क्रिडास्थलको रुपमा पनि चिनिन्छ । धार्मिक क्षेत्र कालन्जर पर्वतबाट बग्दै आएको पानीको छहरा सहस्र्धारामा आएर झरनाको रुप लिएको स्थानीय पाकापुस्ताहरु बताउँछन् ।




- यहाँ १ सय ८ गौधारा, शिवको मूर्ति र मन्दिर लगायतका पूर्वाधार हरुको समेत निर्माण गरिएको छ । श्री त्रिदण्डी यतिराज आश्रम मुक्तिनारायण र लक्ष्मीनारायण मन्दिर सहश्रधाराको थप आकर्षण हुन् । लक्ष्मीनारायण मन्दिरमा १००८ शालिग्राम रहेका छन् । सहश्रधारादेखि लक्ष्मीनारायण मन्दिर ३०० मिटर उत्तरतर्फ र त्रिदण्डी आश्रम १५० मिटर पूर्वमा अवस्थित छ । त्रिदण्डी आश्रम परिसरको प्रवेशद्वार कलात्मक र आकर्षक छ ।




**सुविधा :**

- सहश्रधारा नजिकै चिया, खाजा पसलहरु छन् ।
- त्रिदण्डी आश्रम मुक्तिनाथ जाने आउने भक्तजनहरुको आश्रय स्थल हो ।

# पार्वती गुफा





पर्यटकीय गन्तव्यको नाम : पार्वती गुफा
वडा नं.: १
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी

**पहुँच :**

- पर्वत-बागलुङ राजमार्गमा पर्ने अर्मादी र नयाँपुलबाट पैदल ४५ देखि ५० मिनेट लाग्छ भने जिप र मोटरसाइकलमा १५ मिनेटमा गुफा पुग्न सकिन्छ ।
- बागलुङ बजारदेखि लामो पुल तरि पाङ हुँदै करिब एक घण्टाको हिंडाईमा गुफामा पुग्न सकिने अर्को बाटो पनि छ ।

**विशेषताहरु/आकर्षण:**

- हिन्दु धर्मावलम्बीहरुको पार्वती माताको जन्मस्थल भएको योगी नरहरि नाथले आफ्नो पुस्तक 'देश दर्शन' मा उल्लेख गरेका छन् । पार्वती जन्मे, हुर्के, खेल्ने र तपस्या गर्ने गरेको ठाउँ भएको धार्मिक ग्रन्थहरुमा रहेको छ ।
- पार्वती गुफा भित्र पार्वतीले पूजा गरेका, तपस्या गरेका ठाउँहरु आकृति अवलोकन गर्न सकिने ।
- करिब एक किलोमिटर लामो गुफा तथा गुफा बाहिरका ठाउँका पैदल मार्ग, धर्मावलम्बी बस्ने स्थान, मन्दिर र पुल छन् ।
- गुफाको ५०० मिटर उत्तरपश्चिमतर्फ खरिबोटमा पार्वती मन्दिर र १ किलोमिटर उत्तरपश्चिमतर्फ पार्वती खेलेको चौर (लाखे नचाउने डाँडा) रहेको छ ।
- वि.सं. २०६३ सालमा कुश्मा नगरपालिका-१, खरिबोट निवासी छविलाल पौडेलले सपनामा देखे अनुसार भोलिपल्ट विहान गुफामा जाँदा छुट्टै ध्वनी आए अनुसार ध्वनीबाट बताइएको गुफाको भागमा जाँदा पार्वतीको मूर्तिको अवशेष पाइएकोले उक्त समयदेखि व्यापक रुपमा पार्वती गुफाको नाउँमा प्रचारप्रसार र विकास हुन लागेको छ ।

**सुविधा :**

- गुफा परिसरमा सत्तल निर्माणाधिन रहेकाले केही समयपछि पर्यटकहरु यहीं बस्न सक्नेछन् । नजिकै रहेका शिवालयहरुका सत्तलहरुमा पनि भक्तजनहरु बस्न सक्नेछन् ।

# दुर्लङ कोट



पर्यटकीय गन्तव्यको नाम : दुर्लङ कोट
वडा नं.: ३
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी

**पहुँच** :

– कुश्माको दुर्लुङचोक देखि हरियाली वन भित्रका [illegible] सहजै पुग्न सकिन्छ ।




**विशेषताहरू/आकर्षण**:

– दुर्लुङकोट उक्लँदै गर्दा वरैबाट डाँडाको टुप्पोमा अवस्थित दुर्लुङकोट भूमे मन्दिर देख्न सकिन्छ ।
– बाइसे, चौबिसे राजाको पालादेखि नै महत्वपूर्ण मानिएको दुर्लुङकोट भूमे मन्दिरमा पुगी पूजाआजा गरेमा मनोकामना पूरा हुने जनविश्वास रहँदै आएको छ ।
– हरेक वर्ष बडादसैं, चैते दसैं, उभौलीमा भव्य पूजाआज देखि बली पनि दिने गरिएको छ । धार्मिक तथा ऐतिहासिक महत्वको यस ठाउँ प्राकृतिक दृष्टिले समेत अर्थपूर्ण रहेको छ ।
– यहाँबाट सातवटा जिल्ला म्याग्दी, बागलुङ, कास्की, पाल्पा, स्याङ्जा र पर्वतलाई एकैपटक नियाल्न सकिन्छ । त्यतिमात्र होइन यहाँबाट धौलागिरि, धौलाशिरि, माछापुच्छ्रे, अन्नपूर्ण लगायतका हिमशृङ्खलाहरु पनि देख्न सकिन्छ ।

**सुविधा** :

– दुर्लुङस्थित चनौटे गाउँमा होमस्टे रहेको छ । १० घरमा पर्यटकका लागि खान बस्न सक्ने गरी होमस्टे सञ्चालनमा ल्याइएको छ । पर्यटकले स्थानीय प्राङ्गारिक उत्पादनको स्वाद लिन पाउनुका साथै मह, किबी, सागसब्जी समेत किनेर लैजान सक्ने छन् ।

# गुप्तेश्वर गुफा



पर्यटकीय गन्तब्यको नाम : गुप्तेश्वर गुफा
वडा नं.: ३
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी



**पहुँच :**

– सदरमुकाम कुश्मा बजारदेखि १० मिनेटको पैदल यात्रापछि सहजै पुग्न सकिन्छ ।

**विशेषताहरू/आकर्षण:**

– गुफा डेढ किलोमिटर भन्दा बढी लामो र सात तला भएको अलौकिक गुफा हो । धेरै गुफाहरु ओरालो मुखतर्फ फर्किएर बनेका हुन्छन्, तर गुप्तेश्वर गुफा ओरालो नभइ उकालोमुख फर्किएको छ ।

– शिव पार्वतीको मिलन भएको ठाउँका कारण पनि यस गुफाको महत्व विशेष रहेको छ । यस गुफामा बालाचतुर्दशी, महाशिवरात्री, हरिबोधनी एकादशी, हरिशयनी एकादशी, माघे सक्रान्ति लगायतका चाडपर्वहरूमा विशेष मेला लाग्ने गर्दछ ।

– गुफाभित्र भगवान् शिवका दसौँ पाउहरू, विभिन्न देवीदेउताका मूर्तिहरू, शिवलिङ्, शिव पञ्चाङ्ग, नाग र पाँच पाण्डवका आकृति भएका मूर्तिहरू देख्न सकिन्छ ।

– गुफाको महत्वलाई प्रचारप्रसार गर्दै उल्लेख्य पर्यटकहरु भित्र्याउने उद्देश्यले १५ रोपनी जग्गामा ७८ फिट अग्लो शिव पार्वतीको मूर्ति, सिसमहल र मन्दिर निर्माणको काम चलिरहेको छ ।




**सुविधा :**

– बञ्जी र जीप लाइन पनि नजिकै भएको हुनाले कुश्मामा पर्यटकहरुलाई ध्यानमा राखेर सुविधा सम्पन्न होटलहरु सञ्चालनमा ल्याइएका छन् ।

# बन्जी जम्प/ जीप लाइन/ यान्त्रिक पुल

पर्यटकीय गन्तब्यको नाम : बन्जी जम्प/ जीप लाइन/ यान्त्रिक पुल
वडा नं.: ५
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी



**पहुँच :**

– कुश्माको शिवालय चोकबाट सवारीसाधन मार्फत ५ मिनेटमा पुग्न सकिन्छ । बन्जी, जीपलाइन र यान्त्रिक पुल केही मिटरकै अन्तरमा रहेका छन् ।



**विशेषताहरू/आकर्षण:**

– कुश्मा र बलेवालाई आधारस्तम्भ बनाएर निर्माण भएको ५२५ मिटर लामो झोलुङ्गे पुलको बिचमा कालीगण्डकी नदिको ठिक माथीबाट बन्जी र स्वीङका लागि हाम्फाल्नु पर्ने हुन्छ । नदी देखि पुलको उचाई २२८ मिटर अर्थात ७४८ फिट रहेको छ । यस बाहेक यहाँ गुलेली पिङ, जिपलाइन, स्वीमिङ पुल र बस्नका लागि आकर्षक कटेजहरु छन् ।
– कुश्मामा सुपरम्यान शैलीको जिपलाइन पनि छ । चाक्लेको डिलबाट सुरु हुने जिपलाइन कालीगण्डकी नदीको किनारमा रहेको जिपलाइनकै हार्नेस रिसोर्टसम्मको मज्जा लिन सकिन्छ ।
– कुश्माबाट कालिगण्डकी नदीमाथि २ सय ५० मिटर अग्लाई हुँदै १ हजार ४ सय मिटरको दुरी पार गरेर रिसोर्टसम्म पुग्न सकिनेछ ।
– एक दशकअघि बाग्लुङको बलेवा र कुश्मालाई जोड्न केबलकार मोडेलको यान्त्रीक पुलबाट अहिले पनि आवत जावतको सुविधा लिन सकिन्छ । जिपलाईन, यान्त्रिक पुल, बञ्जिजम्प साहासिक पर्यटनका माध्यम हुन् ।




**सुविधा :**

– कुश्मा बजारमा पर्यटक लक्षित सस्ता देखि महँगा होटलहरु रहेका छन् । शान्त र प्राकृतिक वातावरण चहिने पर्यटकहरुका लागि बन्जि पारी बलेवामा रहेको रिसोर्ट र जीपलाइनको कालीगण्डकी छेउमा रहेको रिसोर्टमा बास बस्न पनि सकिने छ ।

# शिवालय मन्दिर

पर्यटकीय गन्तव्यको नाम : शिवालय मन्दिर
वडा नं.: ६
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी





**पहुँच :**

- कुश्मा बजारको शिवालय चोकदेखि ५ मिनेटको पैदल यात्रापछि मन्दिर पुग्न सकिन्छ ।

**विशेषताहरु/आकर्षण:**

- धनेश्वर शिवालय मन्दिर विक्रम सम्बत् १९१७ सालमा निर्माण भएको हो । मुक्तिनाथ तिर्थयात्राको क्रममा भगवान शिव प्रकट भए पछि तिर्थयात्रीले आफैले निर्माण गरेको कुश्मा नगरपालिका वडा न ६ मा रहेको शिव मन्दिरमा महाशिवरात्रीको अवसरमा विशेष पूजाआजा हुने गर्छ ।
- नेपाल सरकार पुरातत्व विभागले पुरातत्व सम्पादको सुचिमा सुचिकृत गरेको यस मन्दिर पर्वतको पुरानो र ऐतिहासिक स्थल हो ।
- मासको जोडाइले ढुङ्गाबाट यस मन्दिरको निर्माण भएको हो ।
- शिवालय मन्दिरको नामबाट साविकको शिवालय गा.वि.स. लगायत कुश्मामा शिवालय चोक र शिवालय मा.वि., शिवालय क्याम्पस नामकरण भएको छ ।

**सुविधा :**

- कुश्मा बजारमा रहेका होटलहरुमा आफ्नो चाहना र बजेट अनुसार सस्तो देखि महँगो होटलहरुमा बास बस्न सकिनेछ ।

# अलपेश्वर गुफा



पर्यटकीय गन्तव्यको नाम : अलपेश्वर गुफा
वडा नं.: ९
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी

**पहुँच :**

- कुश्मा-ज्ञादी झोलुङ्गे पुल र खरेहा अधिकारीचौर झोलुङ्गे पुलबाट मोटरसाइकलमा ५ देखि ७ मिनेटमा पुग्न सकिनेछ । पैदल हिँडेर २० देखि २५ मिनेट लाग्ने छ ।



**विशेषताहरू/आकर्षण:**

- बजारबाट एकान्त मन पराउनेहरुका लागि अल्पेश्वर गुफा उपयुक्त गन्तव्य हो । फराकिलो क्षेत्रफलमा रहेका हरियाली वन भित्र चराचुरङ्गीहरुको चिरबिरले मनलाई आनन्दित बनाउने गर्छ । २०६४ सालमा कटुवाचौपारीका केही युवाहरुले गुफा पत्ता लगाएका थिए ।




- गुफाको मुख्य प्रवेशद्वार कटुवाचौपारीबाट छिरेर ९ सय मिटरको दुरी पार गरेपछि मोदीखोलामा निस्कन सकिन्छ । तीन तला रहेको गुफा भित्र प्राकृतिक तालतलैया र छहराहरु रहेका छन् । एडभेन्चर मन पराउनेहरुका लागि यस गुफा उत्कृष्ट गन्तव्य मान्न सकिन्छ । विभिन्न प्रजातिका २० हजार भन्दा बढी चमेराहरु बस्ने गरेका छन् ।

**सुविधा :**

- कुश्मा बजारमा रहेका होटलहरुमा आफ्नो चाहना र बजेट अनुसार सस्तो देखि महँगो होटलहरुमा बास बस्न सकिनेछ ।

# बाटुलेचौर (कालिका भगवति) मन्दिर

पर्यटकीय गन्तव्यको नाम : बाटुलेचौर (कालिका भगवति) मन्दिर
वडा नं.: १२
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी





**पहुँच :**

– कुश्मा बजार हुँदै अग्ला तथा लामा झोलुङ्गे पुलबाट मोटरसाइकलमा २५ मिनेट लाग्छ । जिप, बसहरुका लागि भने दोबिल्लाको पुल भएर जानुपर्ने हुन्छ र समय ४५ मिनेट ।

**विशेषताहरू/आकर्षणः**

– राजा दशरथले आफ्ना भाञ्जा श्रवणकुमारको हत्या गरेको पाप मोचन गर्न बाटुलेचौरमा आएर यज्ञ गरेको र सोही समयदेखि सो स्थानमा पूजाआजा तथा मन्दिरको निर्माण गरिएको स्थानीयवासीको भनाइ छ ।
– भृगु ऋषिको तपस्यास्थल समेत मानिने गरिएको छ । यस ठाउँमा खनजोत गर्दा कालो कोइला, पैसा तथा पुराना भाँडाकुँडा समेत भेटिने गरेको स्थानीयको भनाइ छ ।
– अग्लो स्थानमा रहेको बाटुलेचौरबाट अन्नपूर्ण र धौलागिरि हिमशृंखलाका साथै पर्वत बागलुङ तथा स्याङ्जाका विभिन्न भाग तथा सदरमुकाम समेत देखिने भएकाले यस ठाउँले पर्यटकीय सम्भावनासमेत बोकेको छ ।



**सुविधा :**

– किडंग फिचर होमस्टे र बाटुलेचौर धर्मशाला रहेको छ ।

# पञ्चदेव मन्दिर

पर्यटकीय गन्तव्यको नाम : पञ्चदेव मन्दिर
वडा नं.: १ खरिबोट
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : ११०० मिटर







**पहुँच** :

– सहश्रधारा देखि ४५ मिनेट, कुश्मादेखि ९ किलोमिटर उत्तर पश्चिम ।

**विशेषताहरु/आकर्षण**:

– ओमकारेश्वर महादेव, राधाकृष्ण मन्दिर, पाथिभारा मन्दिर, पार्वति मन्दिर र स्थानीय कुल देवताको मन्दिर भएको । पाँच वटा मन्दिर एकै ठाउँमा भएकाले पञ्चदेव मन्दिर भनिएको । यसमा स्थानीय कुलदेवता बाहेक चार वटा मन्दिरमा दैनिक नित्य पूजा हुन्छ । ओमकारेश्वर मन्दिरमा शिवरात्री पर्वमा धार्मिक मेला लाग्ने गर्छ । शिवरात्री र अक्षेतृतीय पर्वमा दिनभर पूजाआजा र भजनकिर्तन हुने ।
– यहाँ पूजाआजा र दर्शन गरेमा मनोकाक्षा पूरा हुने थियो । यो मन्दिरको करिब पाँच सय मिटर नजिक पार्वति गुफा रहेको छ ।
– पोखराका भक्तजनले यस मन्दिरको पूजाआजाका लागि वार्षिक दश मुरी धान उत्पादन हुने जग्गा किनिदिएका ।

**सुविधा** :

– सवारी साधन मार्फत पुग्न सकिने पञ्चदेव मन्दिरमा धर्मशाला रहेको छ ।

# पञ्चासे लेक/ताल



पर्यटकीय गन्तव्यको नाम : पञ्चासे लेक/ताल
वडा नं.: १४
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : १५१७ मिटर



**पहुँच :**

- कुश्मा देखि आर्थरसम्म मोटरसाइल अथवा गाडीमा १ घण्टा र आर्थरबाट थप डेढ घण्टा गरेर कुश्माबाट साढे दुई घण्टामा पञ्चासे पुग्न सकिन्छ । यदी तालमा नै पुग्ने हो भने थप ३० मिनेट पैदल हिँड्नुपर्ने हुन्छ ।

**विशेषताहरू/आकर्षण:**

- पञ्चासे पर्वत, कास्की र स्याङ्जाको सङ्गमस्थलमा छ । पञ्चासे धार्मिक, प्राकृतिक र जैविक विबिधतायुक्त ठाउँ हो । यहाँ बालाचतुर्दशी पर्वका दिन दिवंगत पितृको उद्दारका लागि शतबिज छर्ने चलन छ ।
- यहाँ रहेको पोखरी चारैतिरबाट जङ्गलले घेरिएको छ । जङ्गलको बीचमा भए पनि यो तालमा पात पतीङ्गर देख्न पाइँदैन । तालको छेवैमा बाराही मन्दिर छ । यस तालको अनौठो पक्ष के भने, जङ्गलको छेवैमा रहेको तालमा पातपतिङ्गर नै देखिँदैनन् । पात तालमा परे पनि तत्कालै चराले फाल्ने गरेको स्थानीयको भनाई छ । पञ्चासे लेकबाट उत्तरतर्फ माछापुच्छे, अन्नपूर्ण, धवलागिरिलगायतका हिमशृङ्खला, दक्षिणतर्फ पाल्पाको श्रीनगर डाँडा र तराईका फाँट देखिन्छन् ।
- पञ्चासेमा पाँच सय ८९ किसिमका फूल, एक सय ५0 औषधिजन्य जडीबुटी, ९८ प्रकारका उन्यू र आठ प्रजातिका रेसादार वनस्पति पाइन्छन् । पञ्चासे क्षेत्रको जङ्गलमा विभिन्न प्रजातिका चराचुरुङ्गी र दुर्लभ कालो भालुसहितका वन्यजन्तु पाइन्छन् । यस क्षेत्रमा एक दर्जनभन्दा बढी खर्कसमेत रहेका छन् ।
- पञ्चासे लोपोन्मुख सुनाखरीको राजधानी नै मानिन्छ । सूर्योदय र सूर्यास्त हेर्ने रहर पनि पञ्चासेले नै पूरा गरिदिन्छ ।

**सुविधा :**

- पञ्चासेको फेदीमा रहेका आर्थर र डाँडाखर्क दुबै गाउँमा होमस्टेहरु सञ्चालनमा छन् । पर्यटकीय गाउँ र त्यसैमा गुरुङ समुदायको बाहुल्य र संस्कृति भएकाले पर्यटककहरु होमस्टेमा बस्ने मन पराउँछन् । पञ्चासेमा नै बस्छु भन्नेहरुका लागि पनि स्थानीय लोक बहादुर गुरुङले सञ्चालनमा ल्याएको होटल रहेको छ ।

# आर्थरको सङ ङाग दोर्जे छ्योलिङ गुम्बा

पर्यटकीय गन्तब्यको नाम : आर्थरको सङ ङाग दोर्जे छ्योलिङ गुम्बा

वडा नं.: १४

स्थानीय तह : कुश्मा नगरपालिका

जिल्ला : पर्वत

प्रदेश : गण्डकी

भू-भाग : पहाडी



**पहुँच :**

- कुश्मा देखि सवा घण्टामा जिप र बसमा पुग्न सकिन्छ भने मोटरसाइकलमा ४५ मिनेटमा नै पुग्न सकिन्छ ।

**विशेषताहरू/आकर्षण:**


- आर्थर डाँडाखर्कमा रहेको सङ ङाग दोर्जे छ्योलिङ गुम्बा विसं. १८३६ सालमा निर्माण हो । यो पर्वतको पुरानो गुम्बा मानिन्छ ।
- यहाँ वुद्ध भगवानका मुर्तीहरु छन् ।

**सुविधा :**

- आर्थर-डाँडाखर्कमा गुरुङ समुदायको बाहुल्यता रहेको छ । यहाँ उनीहरुले सञ्चालनमा ल्याएका पाहुना घरहरुमा बस्न र गाउँकै प्राङ्गारिक खानाहरु खान सकिन्छ ।



# मोदीबेणी धाम



पर्यटकीय गन्तव्यको नाम : मोदीबेणी धाम
वडा नं.: ०५
स्थानीय तह : कुश्मा नगरपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी

**पहुँच :**

– कुश्माको बडगाउँ देखि मोटरसाइकल र जिपमा ५ देखि ७ मिनेटमा पुग्न सकिन्छ भने पैदल हिँडेर १० देखि १५ मिनेट लाग्ने गर्छ ।

**विशेषताहरू/आकर्षण:**

– दामोदर कुण्डबाट अबिरल बग्दै आएको कालीगण्डकी नदी र माछापुच्छ्रे हिमशृङखलाबाट बगेर आएको मोदी नदीको संगम स्थलमा भगवान नृसिंहको पुरानो मन्दिर रहेको छ । १८९० सालमा निर्मित यस मन्दिर क्षेत्रलाई मोदीबेनी दिब्यधाम भनेर पनि चिनिन्छ ।

– कालीगण्डकी नदीमा मात्र पाइने शालग्रामलाई नृसिंह भगवानको अवतारका रुपमा पूजाआजा गरिँदै आइएको छ । गंगा स्नान गरेपछि पवित्र भइने मान्यताका कारण मोदी र काली नदीमा स्नानका लागि तिर्थालुहरु आउने गर्छन् ।

– अन्तिम दाहासंस्कारका लागि पनि मोदीबेनी दिब्यधाम उत्तम मानिन्छ । यहाँ १०८ तुलसीको बोट, गणेश मन्दिर, शिव मन्दिर, हनुमान मन्दिर लगायतका संरचनाहरु निर्माण गरिएको छ । मोदीबेनीमा स्नान गरेमा पुण्य मिल्ने धार्मिक विश्वास छ ।

**सुविधा :**

– आश्रममा धार्मिक पर्यटकहरुका लागि खान र बस्नको सुविधा रहेको छ ।

– नजिकै कुश्मा बजारमा सुविधासम्पन्न होटलहरु भएकाले यहाँ आउने पर्यटकहरु कुश्मा नै बस्ने गर्छन् ।



# भमरकोट

पर्यटकीय गन्तव्यको नाम : मोदीबेणी धाम
वडा नं.: १ र २
स्थानीय तह : मोदी गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : २४०० मिटर





**पहुँच :**

- मोदी गाउँपालिकाको पातीचौरबाट करिब एक घण्टा सवारीमा यात्रा गरेर थप करिब दुई घण्टा पैदल यात्रा गरेपछि भमरकोट पुग्न सकिन्छ । यस बाहेक पातीचौर-पूर्णगाउँ-लाङदी हुँदै भन्ज्याङसम्म कच्ची सडक पुगेको छ ।

**विशेषताहरू/आकर्षण:**

- भरमकोट ऐतिहासिक तथा धार्मिक महत्व बोकेको स्थल हो ।
- भरमकोटबाट पहाडी क्षेत्रको मनोरम दृश्यहरू, विशेष गरी माछापुच्छ्रे, अन्नपूर्ण र धौलागिरी हिमालहरूको दृश्यावलोकन गर्न सकिन्छ ।
- यहाँबाट मोदी खोलाको सुन्दर दृश्य पनि हेर्न सकिन्छ ।
- खडेरी लागेको बेलामा भमरकोट मन्दिरमा पूजा गर्दा इन्द्र देवता खुसी भई वर्षा गराइदिने गरेको जनविश्वास छ । उक्त मन्दिरमा गएर भाकल गरेमा बर मागेको कुरा पूरा हुन्छ भन्ने विश्वास पनि छ ।
- ठुला घाँसे मैदान, दर्जनौं प्रजातिका गुराँस, चाँप, कटुस, लोक्ता, विविध जडीबुटी तथा घना जङ्गल अवलोकनमा रम्न पाइने त्यस क्षेत्रको अर्को आकर्षण हो । विभिन्न प्रजातिका चराचुरुङ्गी, र जङ्गली जनावरहरू देख्न पाइने ठाउँ भमरकोट हो।
- भमरकोट क्षेत्र बाइसी चौबिसी राज्यको बेलामा मल्ल राजाले शासन गरेको ठाउँ हो । त्यहाँ अहिले पनि ओखल लगायतका केही भग्नावशेषहरू देख्न सकिन्छ ।



**सुविधा :**

- भमरकोट नजिकैको मोहरिया, सरौ, ताङ्ले र भुकमा घरवास सुविधा छ ।

# कोखे



पर्यटकीय गन्तब्यको नाम : कोखे
वडा नं.: १
स्थानीय तह : मोदी गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : ३३०९ मिटर

**पहुँच :**

- घोडेपानीदेखि पुनहिल मोहरेडाँडा हुँदै पाँच घण्टा पैदलयात्रा
- नयाँपुल- भुकताङले- भमरकोट हुदै दुई दिन पैदलयात्रा



**विशेषताहरू/आकर्षण:**


- सुर्योदय, सुर्यास्त, माछापुच्छे, अन्नपूर्ण हिमशृङखलाको मनमोहक दृष्य अवलोकन गर्न सकिने ।
- पर्वत र कास्कीको पहाडी भूगोल तथा वस्तिहरु देखिने ।
- शान्त, एकान्त वातावरण ।
- बसन्त ऋतुमा पाखाभरी ढकमक्क फुलेका लालीगुराँसको जंगलमा रमाउन पाइने ।
- बर्खामा विभिन्न रंगका फुल, बादल र घामपानीसँग लुकामारी गर्न सकिने ।
- हाइकिङ, वन्यजन्तु, पंक्षी, वन पैदावारको अवलोकन गर्न पाइने ।

**सुविधा :**

- होटल र क्याम्पीङ सुविधा भएको ।



# डहरे देउराली



पर्यटकीय गन्तब्यको नाम : डहरे देउराली
वडा नं.: १
स्थानीय तह : फलेबास गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : २२५९ मिटर

**पहुँच :**

- फलेवासको खानीगाउँ नगरपालिका देखि १ घण्टाको जिपको यात्रा गर्दै र पैदल सवादुई घण्टामा पुग्न सकिन्छ ।

**विशेषताहरू/आकर्षणः**

- डहरे देउराली मन्दिर हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो । यहाँ विशेषगरी नवरात्रि, दशैं, तीज र जनै पूर्णिमामा ठूलो मेला लाग्ने गर्छ ।
- यो स्थान उच्च पहाडी क्षेत्रमा रहेको हुनाले यहाँबाट मनोरम हिमालय श्रृंखलाको दृश्यावलोकन गर्न सकिन्छ । हरियाली जंगल र स्वच्छ वातावरणले यहाँ आउने पर्यटकहरूलाई शान्ति प्रदान गर्छ ।
- पदयात्रा (हाइकिङ) तथा ट्रेकिङ गर्न चाहनेहरूका लागि डहरे देउराली उत्कृष्ट गन्तव्य पनि हो । स्याङ्जाको केही भागसँग जोडिएको डहरेमा फलेवास नगरपालिका-१, २ र ९ मा फैलिएको घनाजंगल छ ।
- डहरे लेकमा कालो भालु, चितुवा, मृग, ब्वाँसोलगायत जंगली जनावर पाइने स्थानीयहरु बताउँछन् । त्यस्तै कालिज, लामपुच्छ्रे, लुइँचे, तित्रा, ढुकुरलगायत चराचुरुंगी पनि पाइन्छन् ।



**सुविधा :**

- थापाथानामा रहेको खुमको होमस्टे र कार्कीनेटा बजारमा रहेका होटलहरुमा पुगेर बास बस्न सकिन्छ ।

# कालीगण्डकी गोल्डेन ब्रिज

पर्यटकीय गन्तब्यको नाम : कालीगण्डकी गोल्डेन ब्रिज

वडा नं.: १

स्थानीय तह : कुश्मा नगरपालिका

जिल्ला : पर्वत र बागलुङ

प्रदेश : गण्डकी

भू-भाग : पहाडी

उचाई (समुद्री सतहदेखि) : २२५९ मिटर



**पहुँच :**

– पोखरा-बागलुङ राजमार्ग अन्तर्गत बागलुङ नगरपालिका-१ रामरेखा र पर्वतको कुश्मा नगरपालिका-१ अदुवाबारी सम्म सडकको सुविधा रहेको छ ।

**विशेषताहरू/आकर्षण:**

– बागलुङ र पर्वत जोड्ने कालीगण्डकी नदीमाथि रहेको 'गण्डकी गोल्डेन ब्रिज' सिङगल स्पाम प्रविधिको विश्वकै लामो झोलुङ्गे पुल दावी गरिएको छ ।

– अदुवावारी र रामरेखा जोड्ने ५६७ मिटर लामो यो पुलको भार बहन क्षमता ८५ मेट्रिक्टन छ । एक पटकमा ६१२ जना आवत जावत गर्न सक्ने यो पुल कालीगण्डकी नदी देखि १३८ मिटर अग्लो छ ।

– गण्डकी प्रदेशको प्रसिद्ध शक्तिपिठ बागलुङ कालिका मन्दिर नजिकै रहेको यो पुलबाट नागबेली परेर बगेको कालीगण्डकी, पर्वत, बागलुङ र म्याग्दीको भूगोल, पहाड र बस्तिका साथै पृष्ठभूमिमा धौलागिरि हिमालको दृष्य अवलोकन गर्न सकिन्छ ।






**सुविधा :**

– अदुवावारीमा रेष्टुरेष्टहरु छन् । बागलुङ बजारमा सुविधायुक्त होटलहरु छन् ।

# महाशिला

पर्यटकीय गन्तव्यको नाम : महाशिला
वडा नं.: ५
स्थानीय तह : महाशिला गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी



**पहुँच :**

- कुश्मा देखि ४० किलोमिटर दुरीमा महाशिला अवस्थित छ ।
- लुँखुदेउरालीबाट बस र जिपमा १५ मिनेटमा नै पुग्न सकिन्छ । पैदल हिँडेर ३० मिनेटमा पुग्न सकिन्छ ।



**विशेषताहरू/आकर्षण:**

- लुंखु देउरालीमा रहेको मेलढुंगोलाई पछिल्लो समय महाशिलाको नामले चिन्ने गरिन्छ । यो ढुङ्गालाई एशियाकै ठूलो दावी गरिएको छ । १३० मिटर अग्लो शिला झण्डै १० रोपनी क्षेत्रफलमा फैलिएको छ ।
- शिव पुराणमा भगवान् शिवले युद्ध गर्दा नन्दीको रूप धारण गरी लड्दा नन्दीको एउटा सिङ भाँचिएको र त्यही सिङ नै शिला बनेर प्रतीकको रूपमा रहेको भन्ने उल्लेख गरिएको धार्मिक पूजाआजामा संलग्न रहँदै आएको छ ।



- यहाँ हरेक एकादशी, बालाचतुर्दशी, शिवरात्रि, रामनवमी, अक्षयतृतीयालगायत चाडपर्वमा मेला लाग्छ ।
- महाशिला परिसरमा स्नानका लागि १०८ धारा छन् । महाशिला हिँडेर एक पटक परिक्रमा गर्दा १५ मिनेटभन्दा बढी समय लाग्छ ।

**सुविधा :**

- महाशिलामा तिर्थालुहरुको लागि दैनिक एक सय देखि एक सय ५० जनासम्म अट्न सक्ने आश्रम छ । नजिकैको गाउँमा होटल पनि छन् ।

# पैयूँकोट



पर्यटकीय गन्तव्यको नाम : पैयूँकोट
वडा नं.: १
स्थानीय तह : महाशिला गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी

**पहुँच :**

- पोखरा र कुश्मा भएर जाने पर्यटकहरुले लुँखुबजारदेखि भोक्सिङ हुँदै मोटरसाइकल तथा गाडीमा ४५ मिनेट र पैदल सवा घण्टामा पैयूँकोट पुग्न सकिन्छ ।

**विशेषताहरू/आकर्षण:**

- पैयूँकोटमा बाइसे चौविसे राज्यका पालामा दरवार थियो । यो दरवार पाँच सय वर्ष पुरानो हो । यहाँबाट १५०२ देखि छ जना सेन राजाले राज्य गरेका थिए । राजा रामसिंह सेनले राज्याभिषेक गरेपछि लाभसिंह, चामसिंह, दागम्बरसिंह, सङ्गामसिंह, भूपभैरव र अकवरसिंहले राज्य गरेको पाइन्छ ।
- राजा अकवरसिंह सेनलाई नेपाल एकीकरणको समयमा आक्रमण गरेपछि उनले आफ्नै बारुदखानामा आगो लगाएर आत्महत्या गरेपछि पैयूँकोट राज्य नेपालमा गाभिएको थियो । त्यसअघि मगर जातिका आले, राना, थापा र चितौरेले पालैपालो गरी राज्य सञ्चालन गर्दै आएका थिए । मगरका बीचमा राज्य सञ्चालनमा विवाद भएपछि भारतको बाँसीघार भन्ने ठाउँबाट सेन राजालाई ल्याइएको थियो ।




**सुविधा :**

- पैयूँकोट नजिकैको गाउँमा एक दिनमा १५ देखि २० जना पाहुनाहरु होमस्टे छ ।

# चिसापानी लेक

पर्यटकीय गन्तब्यको नाम : चिसापानी लेक
वडा नं.: ५
स्थानीय तह : महाशिला गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : २३०० मिटर





**पहुँच :**

– सवारीसाधन नजाने भएको हुनाले पैदल हिंड्नुपर्ने हुन्छ । भोक्सिङ, लुंखु र चिसापानी सडक मार्गदेखि ४५ देखि १ घण्टाको पैदल हिँडेर पुग्न सकिन्छ ।

**विशेषताहरू/आकर्षण:**

– उच्च स्थानमा अवस्थित चिसापानी लेकमा बाइसे चौबिसे राज्यका पालामा निर्माण भएको कालिका मन्दिर रहेको छ । यो मन्दिर ठकुरी वंशजले स्थापना गरेका हुन् ।

– घना जङ्गलको बीचमा रहेको उक्त चिसापानी लेकबाट पर्वत सदरमुकाम कुश्मा बजारलगायत झन्डै तीन दर्जन वडा, पाल्पाको श्रीनगर, गुल्मी, स्याङ्जा, बागलुङ र म्याग्दी जिल्लाको भूगोललाई अवलोकन गर्न सकिन्छ ।

– त्यस्तै अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरी लगायतका झन्डै एक दर्जन हिमशृङ्लासमेत देख्न सकिन्छ । बिहान सूर्योदय र साँझको सूर्यास्त हेर्नका लागि पनि आन्तरिक तथा बाह्य पर्यटक चिसापानी लेकमा पुग्ने गर्छन् ।

**सुविधा :**

– गाउँमै बस्छु भन्नेहरुका लागि होमस्टे रहेको छ । होटलहरुमा बस्ने इच्छा भएमा लुँखुदेउरालीमा बस्न सकिन्छ ।

# बशेश्वर मन्दिर

पर्यटकीय गन्तब्यको नाम : बशेश्वर मन्दिर
वडा नं.: १ बाच्छा
स्थानीय तह : विहादी गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : १५०० मिटर



**पहुँच :**

- हिउँदयाममा सडकमा सवारी साधन मार्फत् पुग्न सकिने बशेश्वर मन्दिरमा बर्खायाममा सडकदेखि करिब ३० मिनेट सिँढी भएको पदमार्ग हिँड्नुपर्छ ।

**विशेषताहरू/आकर्षण:**

- बाच्छा गाउँको शिरमा रहेको बशेश्वर मन्दिरमा वि.स. १७७० भन्दा अघिदेखि पूजाआजा हुदै आएको इतिहाँस छ ।
- बशेश्वर थानसँगै कोटमन्दिर, देवी देउराली मन्दिर र नायक साहेव मन्दिर रहेका छन् । यहाँका मन्दिर र थानमा पूजा विधी फरक फरक छ ।
- बाच्छा गाउँको रक्षकको रुपमा रहेको यस मन्दिरमा मागेको वर पाइने र मनोकाङ्क्षा पूरा भएपछि भाकल चढाउने चलन छ ।
- अक्षय तृतीया र महाशिवरात्री पर्वमा पूजाआजा गर्ने यस मन्दिरमा वैशाख महिनाको संक्रान्तिका दिन सामुहिक पूजाआजा गर्ने चलन छ ।
- बशेश्वर मन्दिर परिसरबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे हिमालको अवलोकन गर्न सकिन्छ । यस स्थानको सबैभन्दा अग्लो टाकुरा गोरल्याङधामबाट पाल्पा, अर्घाखाँची, गुल्मीको सत्यवती लगायत पर्वत, बागलुङ र स्याङ्जाका धेरै भागहरु देखिन्छ ।



- तलतिर नागबेली परेर बगेको कालिगण्डकी नदीलाई हेर्न सकिन्छ ।

# सेतीबेणी शिला



पर्यटकीय गन्तब्यको नाम : सेतीबेणी शिला
वडा नं.: ६
स्थानीय तह : विहादी गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू–भाग : पहाडी
उचाई (समुद्री सतहदेखि) : २३०० मिटर

**पहुँच :**

– सेतीबेनी बजार देखि ३ मिनेटमा पैदल हिंडेर सेतीबेनी शिलामा पुग्न सकिन्छ ।

**विशेषताहरु/आकर्षण:**

– पर्वत, स्याङजा र गुल्मीको संगम स्थल कालीगण्डकीमा विश्वकै बिराट शालिग्राम शिला अवस्थित छ ।
– शालिग्राम शिलामा ठूली एकादशी र बैशाखे संक्रान्तिमा दर्शनार्थीको घुँईचो बाक्लो हुने गर्छ ।
– शिलामा आएर मनले आँटेको कुरा मागेमा मनोकामना पूरा हुने जनविश्वास रहेको छ ।

**सुविधा :**

– सेतीबेनी बजारमा होटलहरु छन् ।



# सितलपाटी गुफा



**पर्यटकीय गन्तव्यको नाम :** सितलपाटी गुफा
**वडा नं.:** २
**स्थानीय तह :** विहादी गाउँपालिका
**जिल्ला :** पर्वत
**प्रदेश :** गण्डकी
**भू-भाग :** पहाडी

**पहुँच :**

– बर्राचौर स्थित खहरेखोला देखि साउथर हुँदै मोटरसाइलमा १० मिनेटमा पुग्न सकिन्छ । पैदल हिँडेर जाँदा भने ४५ मिनेटजती लाग्ने गर्छ ।

**विशेषताहरू/आकर्षण:**

– धेरै पहिले देखि यस गुफालाई चमेरे गुफा भनिन्थ्यो । तर हिजोआज सिता गुफाको नामले परिचित छ ।
– यस गुफाको विशेषता चाहिँ भित्र छिरेपछि जस्तुसुकै गर्मीमा पनि सितलताको अनुभव हुने गर्छ । गुफाको मुख्य भाग फराकिलो रहेको छ ।
– यहाँबाट साँघुरो बाटो हुँदै गुफाको यात्रा गर्न सकिने भए पनि आधा भागमा मात्र स्थानीयहरु अहिलेसम्म पुगेका छन् । गुफा भित्र भगानहरुको आकृति भएका ढुङगाहरु देखिनुका साथै ती ढुङगाहरुमा हिर्काउँदा कर्णप्रिय आवाजहरु निस्कने गरेको स्थानीयको भनाई छ ।
– गुफा परिसरमा मन्दिर, प्रतिक्षालय, वनभोज स्थल पनि छ ।

**सुविधा :**

– बर्राचौरको खहरे खोलामा रहेका दुईतीन वटा साना होटलहरुमा बास बस्न सकिने छ ।



# चालालुङ गुफा

पर्यटकीय गन्तब्यको नाम : चालालुङ गुफा
वडा नं.: ७
स्थानीय तह : पैयूँ गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी



**पहुँच :**

- पोखरादेखि ९० किलोमिटर, कुश्माबाट ३५ किलोमिटर सडकको दुरीमा चालालुङ गुफा अवस्थित छ ।

**विशेषताहरू/आकर्षण:**

- चलालुङ गुफामा वालाचर्तुदशी पर्वमा सतविज छर्ने चलन छ । हिन्दुका जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, वालाचर्तुदर्शी, विजया दशमी पर्वमा विशेष पूजा हुन्छ । यहाँ पूजाआजा गर्नेले भोकै बस्नुपर्ने अवस्था नआउने भन्ने धार्मिक विश्वास छ ।
- यहाँबाट सन २०१४ मा निर्माण भएको सत्संग भवन र २०२१ सालमा पुस्तकालय स्थापना भएको अभिलेख यहाँ भेटिन्छ । २०२१ देखि ऋषिमुनीहरुले होम गर्ने गरेको भनाई रहेको छ ।
- पैयूँ र महाशिला गाउँपालिकाका धेरै जसो स्थानको अवलोकन गर्न सकिन्छ । धार्मिक र पर्यटकीय दृष्टिकोषणले महत्वपूर्ण यस ठाउँको विकास र प्रचारप्रसार हुन आवश्यक छ । यस क्षेत्र चालालुङ गुफाको नाममा परिचित छ ।




**सुविधा :**

- यहाँ होटल र बासको सुविधा छैन ।

# सिद्धेश्वर पशुपतिनाथ मन्दिर

**पर्यटकीय गन्तब्यको नाम :** सिद्धेश्वर पशुपतिनाथ मन्दिर



**वडा नं.:** ४
**स्थानीय तह :** पैयूँ गाउँपालिका
**जिल्ला :** पर्वत
**प्रदेश :** गण्डकी
**भू–भाग :** पहाडी

**पहुँच** :

– पोखरा देखि ८६ किलोमिटर र कुश्मा देखि ३८ किलोमिटर दुरीमा सिद्धेश्वर पशुपतिनाथ मन्दिर रहेको छ ।

**विशेषताहरू/आकर्षण**:

– शिव पशुपतिनाथको दैनिक पूजा हुने यस मन्दिरमा बिवाह, ब्रतवन्ध जस्ता धार्मिक कार्यहरु पनि हुन्छन् । हरेक वर्षको शिवरात्री पर्वमा विशेष पूजा हुने र धार्मिक मेला लाग्ने गर्छ ।
– सेती खोलाको सानो संगी भन्ने स्थानमा रहेको यो मन्दिर पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण मानिएको छ ।
– यस मन्दिरमा दर्श गर्न आउने दर्शनार्थीहरुले दर्शन, ढोग गरेमा आफ्नो मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको छ ।

**सुविधा** :

– यो ठाउँमा होटल र रेष्टुरेन्ट तथा बास बस्ने सुविधा छ ।



# पालुस्थान पैयूँ



पर्यटकीय गन्तब्यको नाम : पालुस्थान पैयूँ
वडा नं.: ३
स्थानीय तह : पैयूँ गाउँपालिका
जिल्ला : पर्वत
प्रदेश : गण्डकी
भू-भाग : पहाडी

**पहुँच :**

- पोखरादेखि ९० किलोमिटर र कुश्मादेखि ४२ किलोमिटर दुरीमा पालुस्थान रहेको छ ।





**विशेषताहरू/आकर्षण:**

- वौद्ध र हिन्दु धर्मावलम्बीहरुले पूजा गर्ने वुद्ध गुम्बा र शिवको मन्दिर रहेको यो स्थान धार्मिक हिसाबले महत्वपूर्ण छ ।
- पैयूँ, विहादी, महाशिला गाउँपालिकाका मनोरम दृष्य अवलोकन गर्न सकिन्छ । यो पैयूँ गाउँपालिकाको सबैभन्दा उच्च स्थानमा रहेको छ । यहाँ पार्क, पिकनिक स्थल, विश्राम स्थल र पाटी पौवाका साथै पिङमा रमाउ सकिन्छ ।

**सुविधा :**


- यो ठाउँमा होटल र रेष्टुरेन्ट तथा बास बस्ने सुविधा छ ।







# पर्वत जिल्लाका प्रमुख धार्मिक/पर्यटकीय स्थलहरु




# पर्यटन तथा उद्योग कार्यालय, पर्वत

Design/Layout: Pramod Sharma; 9857621560